प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

# पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७।०५।०२**

यस मन्त्रालय अन्तर्गतको प्रदेश दुग्ध विकास वोर्डको उपाध्यक्ष पदमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र यस मन्त्रालयको प्रशासन महाशाखा, हेटौडा, मकवानपुर वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन, धादिङ्ग, नुवाकोट, ललितपुर, काभ्रे, दोलखा र सिन्धुली मध्ये उम्मेदवारलाई पायक पर्ने कुनै एक केन्द्रमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | सार्वजनिक निकायको नाम | पद | माग संख्या |
|---|---|---|---|
| ०१/०७७।०७८ | प्रदेश दुग्ध विकास वोर्ड | उपाध्यक्ष | १ |

१. **योग्यता तथा अनुभवः**

**क.** सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव सहित सोही क्षेत्रमा काम गरिरहेको हुनुपर्ने

**ख.** ३५ वर्ष पूरा भएको

२. **दरखास्त दिने प्रक्रियाः** प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ तथा विनियमावली, २०७६ बमोजिम मन्त्रालयले तोकेको दरखास्त तथा प्रतिवद्धता साथ देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः

**क.** molmac.bagamati.gov.np मा राखिएको दरखास्त/प्रतिवद्धता पत्र

**ख.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

**ग.** शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी

**घ.** अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपी

**ङ.** बैयक्तिक विवरण

**च.** दुइ प्रति पासपोर्ट साइजको फोटो

**छ.** व्यावसायिक कार्ययोजना र सोको विद्युतीय प्रति (Soft Copy)

**ज.** सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्तसाथ सेवारत निकायबाट प्रदान गरिएको पत्र संलग्न गर्नुपर्नेछ ।

३. **छनौट प्रक्रियाः** प्रस्तुत भएका कार्यपत्रहरुको मूल्याङ्कन तथा छनौट प्रक्रिया प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ तथा विनियमावली, २०७६ बमोजिम हुनेछ।

४. **<u>व्यावसायिक कार्य योजनामा समावेश हुनुपर्ने विषयहरुः</u>**

**क.** वोर्डको लक्ष्य, उद्देश्य र विकास प्रष्ट हुनेगरी अवधारणागत स्पष्टता

**ख.** दुग्ध विकाससँग सम्बन्धित सूचना तथा विश्लेषण

**ग.** समस्याको पहिचान र सोको सुधारसहितको कार्ययोजना

५. **<u>व्यावसायिक कार्य योजनाको प्रस्तुतिकरणः</u>** छनौट सूचीमा परेका उम्मेदवारहरुले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना प्रस्तुतिकरण समेत गर्नुपर्नेछ।

६. **<u>दस्तुरः</u>** दरखास्त दस्तुर बापत् श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कोड नं ३१२००३२०१३ राजश्व खाता १०००२०००१०००० राजश्व शीर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, हेटौडा शाखामा रु १०,०००।- (अक्षेरुपी रु दश हजार मात्र) बुझाएको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

७. **<u>अन्य विवरणः</u>**

**क.** सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्तिसम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ।

**ख.** झुठ्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुको साथै प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

**ग.** उपाध्यक्षको काम, कर्तव्य र अधिकार, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ तथा विनियमावली, २०७६ बमोजिम हुनेछ।

**घ.** दरखास्त/प्रतिवद्धता पत्रको ढाँचा र नियुक्तिको लागि छनौटको अंक प्रदान गर्ने आधार मन्त्रालयको वेभसाइट molmac.bagamati.gov.np बाट Download गर्न सकिनेछ ।

अन्य थप जानकारीको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको टेलिफोन नं ०५७-५२५६४२ मा सम्पर्क गर्न सकिनेछ ।